# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्याल
## झुम्का, सुनसरी

कोशी प्रदेश, नेपाल


प.सं.:- २०८२।०८३
च.नं. :-

मिति : २०८२।०५।१३

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

**श्री यो जो जससँग सम्बन्धित छ ।**

सुनसरी जिल्ला रामधुनी नगरपालिका अन्तर्गत श्री राजेश्वरी आधारभूत विद्यालय, रामधुनी -२, सुनसरीमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २७ मिति २०८२/०५/०९ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः**

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreerajeshwariprimaryschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ । प्र. अ. सम्पर्क नं.(९८००९९०७२०)

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

प्रमोदकुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सुनसरी।

श्री राजेश्वरी आधारभूत विद्यालय, रामधुनी -२, सुनसरी

श्री सूचनाप्रविधि शाखा, रामधुनी नगरपालिका Website मा Upload गरिदिनुहुन ।